**वी.पी. कोइराला मेमोरियल क्यान्सर अस्पताल, भरतपुर, चितवन परिसर स्थित आँप, लिचि, रुखकटहर, सपाटो र रुद्राक्ष फलको वगैचा शिलबन्दी प्रस्तावद्धारा ठेक्कामा लगाउने सम्बन्धी सूचना तथा शर्तनामाहरु ।**

## आर्थिक बर्ष ०८०/०८१

प्रथम पटक सूचना प्रकाशित मिति २०८०/१०/२६ गते

यस बी.पी. कोइराला मेमोरियल क्यान्सर अस्पताल, भरतपुर, चितवन परिसर स्थित रहेको तल्लो तथा माथिल्लो वगैचामा रहेका तपसिलका आँप, लिचि, रुखकटहर, सपाटो, एभोकाडो र रुद्राक्ष फलको तीन सिजनका लागि मूल्य बढाबढ प्रकृयाद्धारा ठेक्कामा लगाउनु पर्ने भएकोले सो सम्बन्धी कार्य गर्न इच्छुक व्यक्ति वा फर्मले फर्म भएमा सम्बन्धित निकायबाट अद्यावधिक गरेको इजाजत प्राप्त प्रमाणपत्र, आयकर दर्ता प्रमाणपत्र, मुल्य अभिबृद्धिकर प्रमाणपत्रहरुको प्रतिलिपीहरु र व्यक्ति भएमा नेपाली नागरिकताको प्रमाणपत्रको प्रतिलिपी, स्थानीय निकायमा वसोवास गरेको कागजात र फाराम खरिद दस्तुर बापतको रकम रु. १,०००.०० (अक्षरेपी एक हजार रुपैया मात्र) जम्मा गरेको वैंक भौचरको Original Copy संलग्न राखी यो सूचना प्रथम पटक प्रकाशित मितिले १५ (पन्ध्र) दिनभित्र यस सूचनाका शर्तनामाहरुको अधिनमा रही शिलबन्दी प्रस्ताव अस्पताल प्रशासनमा पेश गर्न सम्बन्धित सवैको जानकारीको लागि यो सूचना प्रकाशित गरिएको छ ।

**तपसिल**

| S.No. | Particulars | MinimumHospital Estimated Total Amount | Proposed Total Amount in Figure By Bidder (in Nrs.) | Total Amount in Words ( in Nrs. ) |
|---|---|---|---|---|
| 1 | आँप,लिचि, रुखकटहर, एभोकाडो, सपाटो तथा रुद्राक्ष फलहरु | 6,04,300.00 | | |

नोट: फाराम खरिद दस्तुर कृषि विकाश बैंक भरतपुर शाखाको यस अस्पतलाको नाममा रहेको आम्दानी खाता नं. ०५-०८६-०११७३४७२-०-१२ मा जम्मा गरेको सक्कल भौचर पेश गर्नुपर्ने छ ।

**प्रस्ताव पेश गर्दा पालना गर्नुपर्ने शर्तनामाहरु**

१. **प्रस्ताव फाराम खरिद दस्तुर र वैंक धरौटी दाखिला गर्ने स्थान :**प्रस्तावदाताले आफ्नो फर्मको वा व्यक्तिको नाम अनिवार्य उल्लेख गरि वी.पी. कोइराला मेमोरियल क्यान्सर अस्पतालको नाममा रहको तपसिलको बैंकमा फाराम खरिद दस्तुर वापतको रकम रु. १०००.०० (अक्षरेपी एक हजार रुपैया मात्र) र धरौटी (Bid Bond) वापतको रु. १,००,०००.०० (अक्षरुपी एक लाख रुपैया मात्र ) जम्मा गरि बैंक भौचरको प्रतिलिपी संलग्न गर्नु पर्नेछ तर धरौटी (वीड बोण्ड) को हकमा नेपाल राष्ट्र वैकबाट इजाजत प्राप्त 'क' बर्गको कुनै पनि बाणिज्य बैकहरुबाट जारी गरेको वैंक जमानत पत्र प्रस्ताव पेश गर्ने अन्तिम मितिबाट गणना हुने गरि १२० (एक सय विस) दिन मान्य हुने अवधीको पेश गर्न सकिने छ ।

**तपसिल**

| सि.नं | वैंक : कृषि बिकाश बैंक लि.नेपाल | कैफियत |
|---|---|---|
| क | खाता नं. ०५-०८६-०११७३४७२-०-१२ | प्रस्ताव फाराम खरिद दस्तुर दाखिला खाता |
| ख | खाता नं. ०५-०८६-०११७३४७८-०-१० | प्रस्ताव वैंक धरौटी दाखिला खाता |

२. **प्रस्ताव भर्नुपर्ने अन्तिम मिति: राष्ट्रिय दैनिक पत्रिका**मा प्रथम पटक सूचना प्रकाशन भएको मितिले १५ (पन्ध्रौ) दिन भित्र कार्यालय समयभित्र शिलबन्दी प्रस्ताव मार्फत आ-आफनो प्रस्ताव पेश गरिसक्नु पर्नेछ ।

३. **प्रस्ताव पेश गर्ने स्थान र तरिका :** उक्त वागवानी वगैचाको फलहरुको दररेट सम्वन्धी शिलबन्दी प्रस्ताव मार्फत प्रस्ताव पेश गर्दा आ-आफ्नो प्रस्तावहरु पेश गर्न सकिने छ । सो सम्वन्धमा अन्य आवश्यक जानकारी लिन



Executive Director

चाहेमा अस्पतालको खरिद उप-शाखामा कार्यालय समयभित्र सम्पर्क राख्न सकिने समेत जानकारी गराइन्छ ।

४ Sealed Quotation **सम्बन्धि अन्य शर्तनामाहरु :-**

- Sealed Quotation मार्फत पेश गर्ने कागजातहरुको प्रमाणित प्रतिलिपिहरु अनिवार्य रुपमा अस्पतालमा निर्दिष्ट समयमा उपलब्ध गराउनु पर्नेछ ।
- एक पटक पेश गरेको प्रस्ताव पुन: फिर्ता लिन पाइने छैन ।
- एउटै PAN नं. र एउटै Item मा पर्न आएका दुई वा दुईभन्दा बढी दररेटहरु स्वीकृत गर्ने वा नगर्ने अधिकार अस्पतालमा निहित हुनेछ ।
- यदि प्रस्तावदाताले पठाएको कागजातहरु झुटा ठहरिएमा त्यस्ता कागजातहरु पठाउने प्रस्तावदातालाई कालो सुचिमा राख्न सकिनेछ ।
- यदि फर्ममार्फत प्रस्ताव पेश गर्ने ले सम्बन्धित निकायमा दर्ता प्रमाण पत्र, नविकरण करचुक्ता प्रमाण पत्र लगायतका आवश्यक कागजातहरु पेश गर्नुपर्नेछ

सो प्रस्ताव उपस्थित भएका अस्पतालका कर्मचारी र प्रस्तावदाता वा निजका प्रतिनिधिहरुको रोहबरमा खोलिने छ । पेश भएको सम्पूर्ण प्रस्ताव अस्पताललमा खोलिनेछ तर प्रस्तावदाता अनुपस्थित रहेमा प्रस्ताव खोल्न कुनै बाध पर्ने छैन ।

५. **प्रस्ताव खोल्ने मिति :** सूचना बमोजिम पर्न आएका प्रस्तावहरु **दैनिक पत्रिकामा** प्रथम पटक सूचना प्रकाशन भएको मितिले १५ औं दिनमा कार्यालय समय भित्रमा अस्पताल प्रशासनमा दर्ता गरि सक्नुपर्ने छ । यदि बोलपत्र दर्ता गर्ने अन्तिम दिन सार्वजनिक बिदा परेको खण्डमा सोको लगत्तै भोलपल्ट दर्ता गर्न सकिने छ । १६ औं दिनको विहान ११:०० वजे शिलवन्दी प्रस्ताव अस्पतालमा खोलिने छ । प्रस्तावदाता वा निजको प्रतिनिधि उपस्थित नभएपनि प्रस्ताव खोल्न बाधा पुग्ने छैन । सो दिन सार्वजनिक विदा परेमा सोको लगत्तै अस्पताल र अन्य सरकारी कार्यालय खुल्ने दिन सोही समयमा खोलिनेछ ।

६. **Sealed Quotation खोल्दा पेश गर्नु पर्ने प्रमाण पत्रहरु :** वैंक भौचरहरुको सक्कल प्रति, फर्म भएमा_प्रस्तावको अद्यावधिक गरेको फर्मको इजाजतपत्र, आयकर दर्ता प्रमाणपत्र, स्थायी लेखा नं. तथा मु.अ.कर (VAT) दर्ता प्रमाणपत्र नविकरण गरिएको प्रमाण पत्रहरु र व्यक्ति भएमा नागरिकताको प्रमाणपत्रको प्रतिलिपी, स्थानीय निकायमा वसोवास गरेको कागजात सहित अन्तिम मितिको कार्यालय समयमा सम्म अस्पतालमा आइपुग्ने गरि पठाउनु पर्नेछ र सो कागजातहरुको सक्कल प्रमाणपत्रहरु अस्पतालले मागेका बखत पेश गर्नु पर्नेछ ।

७. **विडबोण्ड :** प्रस्तावदाताले आफ्नो फर्मको नाम अनिवार्य उल्लेख गरि वी.पी. कोइराला मेमोरियल क्यान्सर अस्पतालको नाममा रहको तपसिलको बैंकमा फाराम खरिद दस्तुर वापतको रकम रु. १,०००.०० (अक्षरेपी एक हजार रुपैया मात्र) र धरौटी (Bid Bond) नगदै रु. १,००,०००.०० (अक्षरुपी एक लाख रुपैया मात्र) जम्मा गरि वैंक भौचरको संलग्न गर्नु पर्नेछ । तर धरौटी (वीड बोण्ड) को हकमा नगदै भौचर वा नेपाल राष्ट्र वैंकबाट इजाजत प्राप्त 'क' बर्गको कुनै पनि बाणिज्य बैंकहरुबाट जारी गरेको वैंक जमानत पत्र प्रस्ताव पेश गर्ने अन्तिम मितिबाट गणना हुने गरि १२० (एक सय विस) दिन मान्य हुने अवधिको वैंक जमानत पेश गर्नु पर्नेछ ।

८. **अस्पतालको अनुमानित न्यूनतम दररेट सम्बन्धमा** :अस्पतालको शिलबन्दी प्रस्ताव पेश गर्ने फारामको Particulars महलमा फलका बोटहरुको विवरण, Hospital Estimated Total Amount महलमा फलहरुको अस्पतालबाट तोकेको बार्षिक न्यूनतम मुल्य, Proposed Total Amount in Figure By Bidder महलमा प्रस्तावदाताले कूल रकम कतिमा ठेक्का हाल्ने हो सो मूल्य त्यस फर्ममा उल्लेख गर्नुपर्ने छ ।

९. **न्यूनतम मुल्य भन्दा कम मुल्य पेश गर्न नपाइने** : प्रस्तावदाताले दररेट पेश गर्दा प्रस्तावमा उल्लेखित अस्पतालको न्यूनतम दररेट भन्दा घटीको दररेट पेश गर्न पाइने छैन । अस्पतालबाट तोकेको न्यूनतम मुल्यभन्दा कम दररेट प्रस्ताव गर्ने प्रस्तावदाताको प्रस्ताव परिक्षणबाटै हटाइनेछ ।

१०. **मुल्य अभिबृद्धिकर (मु.अ.कर) सम्बन्धमा** :प्रस्तावदाताले ठेक्का बढाबढ सम्बन्धी प्रस्तावको दररेट पेश गर्दा मु.अ.कर समावेश नगरी पेश गर्नु पर्नेछ ।

११. **मुल्यमा परिवर्तन नहुने :** स्वीकृत प्रस्तावको सम्झौता अनुसार आफुले प्राप्त गरेको ठेक्का अवधिभर प्रस्ताव फारममा उल्लेख भएको दररेटमा फरक पर्ने छैन । कुनै पनि कारण देखाई प्रस्तावदाताले प्रस्तावमा तोकेका रकम भन्दा कम रकम भुक्तानीको लागि प्रस्ताव गरेमा त्यस्तो प्रस्ताव कुनै पनि हालतमा अस्पताललाई मान्य हुने छैन ।



Executive Director

१२. **परफरमेन्स बोण्ड :**प्रस्ताव स्वीकृत भएको फर्मले १ (एक) सिजनको कूल रकमको परफरमेन्स बोण्ड वापत ५% का दरले हुन आउने रकम बराबरको यस अस्पतालको नाममा रहेको कृषि विकाश वैंकको धरौटी खाता नं. ०५-०८६-०११७३४७८-०-१० मा नगदै जम्मा गरेको वैंक भौचर वा सम्झौताको मितिबाट लागू हुने गरि सोही रकम बराबरको ४० (चालिस) महिना म्याद रहेको यस अस्पतालको नाममा रहने गरि नेपाल राष्ट्र वैकबाट इजाजत प्राप्त 'क' बर्गको बाणिज्य वैकको जमानत पत्र (सक्कल प्रति) पेश गरि सम्झौता गर्न आउनु पर्नेछ ।

१३. **रकम जम्मा गर्नुपर्ने प्राबधान :** द्विपक्षीय सम्झौता भएको मितिले १(एक) हप्ता भित्रमा प्रस्तावदाताले बोलकबोल गरेको रकमको ३० प्रतिशत रकम र फलफुल टिप्न सुरु गरेको मिति वाट १५ दिन भित्र ६० प्रतिशत र बाकी १० प्रतिशत रकम असार मसान्त भित्रमा अस्पतालले तोकेको वैक खातामा जम्मा गरी सक्कल बैक भौचर अस्पतालको आर्थिक प्रशासन शाखामा जम्मा गर्नु पर्ने छ । अन्यथा उक्त समय भित्र रकम दाखिला नभएमा नियमानुसार जरिवाना लाग्ने छ ।

१४. **प्रस्ताव स्वीकृत गर्ने वा नगर्ने अधिकार :** कुनै पनि प्रस्ताव आंशिक वा पुरा स्वीकृत गर्ने वा नगर्ने सम्बन्धी सम्पूर्ण अधिकार यस अस्पतालमा सुरक्षित रहनेछ । कथम् कदाचित दुई वा दुई भन्दा बढी प्रस्तावदाताको कवोल अङ्क बराबर भएमा बढी बढाउ गरि निर्णय गरिनेछ ।

१५. **सम्झौता गर्नुपर्ने :**प्रस्ताव स्वीकृत भएपछि दुवै पक्षविच तीन सिजनका लागि ठेक्का सम्झौता गर्नु पर्नेछ । सम्झौतामा स्वीकृत प्रस्तावको दररेटमा प्रस्तावदाताले फलहरुको रकम भुक्तानी गर्नुपर्नेछ ।

१६. प्रस्तावदाताले बगैचा हेर्न चाहेमा अस्पतालको स्वीकृत लिई स्थलगत अवलोकन गर्न सक्नेछ ।

१७. अस्पतालको बगैचामा रहेका फलफूलमा स्वास्थ्यलाई गम्भीर असर पार्ने खालका र अस्पताल आवास क्षेत्रमा मानव स्वास्थ्मा प्रतिकूल असर पार्ने खालका कटनाशक औषधी छर्न पाईने छैन तर जैबिक किटनाशक औषधि छर्न कुनै बाधा हुने छैन ।

१८. स्वीकृत प्रस्तावदाताले ठेक्का सम्झौता पश्चात फलफूल टिप्न खटाएको कामदारको परिचय खुल्ने कागजात अस्पताल प्रशासनमा पेश गर्नुपर्ने र गेटपास लिन पर्नेछ ।

१९. बागवानी वगैचाका भित्रका फलफूलका बोट बिरुवा तथा त्यसका हागाँ बिगाहरु जथाभावी लुछन, भाँच्न काट्न तथा बेचबिखन गर्न पाईने छैन, यदि अस्पताल प्रशासनबाट हुने अनुगमनको क्रममा त्यस्तो पाईएमा/देखिएमा प्रचलित ऐन कानून बमोजिम कारबाही गरिनेछ ।

२०. **विविध :** कुनै पनि प्रस्ताव स्वीकृत, अस्वीकृत तथा आंशिक स्वीकृत गर्ने सम्पूर्ण अधिकार अस्पतालमा रहने छ । यस सूचना, शर्तनामा तथा सम्झौता सम्बन्धमा कुनै विवाद उत्पन्न भएमा अस्पतालको निर्णय नै अन्तिम तथा मान्य निर्णय हुने छ । माथि उल्लेख गरेको शर्तहरु पढी, बुझी यो प्रस्ताव पेश गरेको छु । यो नियम अनुसार काम गर्न मन्जुर छु/छौं ।

...............

दस्तखत

सप्लायर्स/फर्मको नाम :

व्यक्ति भएमा प्रस्तावदाताको नाम :

मिति : २०८०/....../.....

फर्म वा कम्पनीको छाप :

नागरीकता प्रमाण पत्र नं.

ठेगाना :

सम्पर्क नं

Executive Director

# B.P.Koirala Memorial Cancer Hospital

Sealed Quotation of Fruit of Mango, Litchi, Jack Fruit, Avocado and others

Fiscal Year: 080-081

Sealed Quotation No: BPKMCH/SQ/04/080/081

Submitted By:

**Price Schedule List**

| S.No. | Particulars | MinimumHospital Estimated Total Amount | Proposed Total Amount in Figure By Bidder (in Nrs.) | Total Amount in Words (in Nrs.) |
|---|---|---|---|---|
| 1 | आँप, लिचि, रुखकटहर, एभोकाडो, सपाटो तथा रुद्राक्ष | 6,04,300.00 | | |

Executive Director